# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, चैत ९ गते २०५१ साल (अतिरिक्ताङ्क ५२ (ग+१)

## भाग ३

### श्री ५ को सरकार

### पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी शाही नेपाल वायुसेवा निगमका सम्बन्धमा उठेका महत्त्वपूर्ण सार्वजनिक सवालका विषयमा आवश्यक जाँचबुझ गरी श्री ५ को सरकार समक्ष प्रतिवेदन पेश गर्न देहाय बमोजिमका अध्यक्ष तथा सदस्य भएको एक जाँचबुझ आयोग गठन गरी आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधि देहाय बमोजिम तोकेको छ ।

(क) आयोगको गठनः–

(१) श्री गजेन्द्रमणि प्रधान – अध्यक्ष

(२) चार्टर्ड एकाउन्टेण्ड श्री मुकुन्दबहादुर श्रेष्ठ – सदस्य

(३) अधिवक्ता श्री कुमारप्रसाद शर्मा – सदस्य

(ख) आयोगको काम, कर्तव्य र अधिकारः आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(१) शाही नेपाल वायुसेवा निगमका सम्बन्धमा उठेका महत्त्वपूर्ण सार्वजनिक सवालका सम्बन्धमा जाँचबुझ गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) जाँचबुझको सिलसिलामा देखिन आएका अन्य अनियमितता तथा भ्रष्टाचारको सम्बन्धमा समय-समयमा कार्यरत को कुन व्यक्तिहरूको कुन किसिमको कार्यबाट निगमलाई हानि नोक्सानी पुऱ्याइएको हो र त्यस्तो व्यक्तिहरूलाई के कस्तो कारवाही हुनुपर्ने हो सम्पूर्ण कुराको ठहर गरी प्रतिवेदन पेश गर्ने ।

(ग) आयोगको कार्यावधिः–

आयोगको कार्यावधि आयोगले काम शुरु गरेको मितिले बढीमा ४५ दिनको हुनेछ ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार,

१४३४



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।